# आर्थिक बर्ष २०७८/७९

# को

# नीति, कार्यक्रम तथा बजेट

## (मिति २०७८ असार २२ गते सम्पन्न बोर्ड बैठकबाट स्वीकृत)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्ड

२०७८ असार

# विषय सूची


| क्र.सं. विषय | पेज नं. |
|---|---|
| **परिच्छेद-एक** | |
| १. वोर्डको परिचय | २ |
| १.१ वैदेशिक रोजगार बोर्डको प्राथमिकता तथा कार्य क्षेत्र | ३ |
| **परिच्छेद-दुई** | |
| २. आ.ब. २०७७/७८ को समीक्षा ४ | |
| २.१ कार्यान्वयन हुन नसकेका कार्यक्रमहरु तथा कारण | ९ |
| २.२ उपलब्धि (भौतिक तथा वित्तिय) | १० |
| २.३ प्रमुख समस्या तथा चुनौतीहरु | १० |
| **परिच्छेद-तीन** | |
| ३. नेपाल सरकारको नीति तथा प्राथमिकता | ११ |
| ३.१ आ.ब. ०७८/७९ को लागि बोर्डको बार्षिक नीति, कार्यक्रम र बजेट | १२ |
| ३.१.१ उद्देश्य | १२ |
| ३.१.२ नीति १२ | |
| ३.२ आ.ब. ०७८/७९ को अनुमानित आय व्ययको विवरण | १३ |
| ३.३ आ.ब. ०७८/७९ का लागि प्रस्तावित कार्यक्रम तथा बजेट १ | ४ |

# परिच्छेद-एक

## १. बोर्डको परिचय

वैदेशिक रोजगारीले नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पुर्याउदै आएको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको श्रम शक्तिलाई उत्पादनमूलक र प्रतिस्पर्धी बनाउँदै बैदेशिक रोजगारीबाट आर्जित पुजी , प्रविधि, सीप र अनुभवलाई अधिकतम रुपमा परिचालन गर्ने राज्यको नीति रहेको छ । कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको योगदान औसत २५ प्रतिशत रहनुले वैदेशिक रोजगारको महत्वलाई उजागर गरेको छ । सचिवालय स्थापना भएदेखि ०७७/७८ सम्म १३ वर्षभित्र मात्रै झन्डै ७० खर्व विप्रेषण नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांक रहेको छ । यसरी वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरुमध्ये गत आ.ब. सम्म ९ हजारभन्दा बढी श्रमिकको मृत्यु भएको छ भने १८ सयभन्दा बढी गम्भिर विरामी तथा अंगभंग भएर फर्किएका छन् ।

यसरी वैदेशिक रोजगारीबाट ५६ प्रतिशत घरधुरीले नियमितरुपमा विप्रेषण पाइरहेको तथ्यलाइ मान्दा र प्रति घरधुरी औषत परिवार संख्या ४.८८ को आधारमा नेपालमा हाल ३० लाख ३९ हजार घरधुरीका १ करोड ४८ लाखभन्दा बढी मानिसहरु अहिले पनि वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणमा आश्रित रहेका छन् भनेर बुझ्नु पर्ने हुन्छ । आ.ब. २०५० /०५१ देखि २०७७ /०७८ को दोस्रो चौमासिक सम्ममा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने २ लाख ४२ हजार ९४० महिला सहित कूल ५५ लाख ३० हजार ५५५ जना श्रमिकले पठाएको विप्रेषणले यी घर परिवारको चुलो बल्न सहयोग पुऱ्याएको छ।

स्वदेशमा नै रोजगारीका अवसरहरु प्रचुर मात्रामा उपलब्ध हुन नसक्दासम्म वैदेशिक रोजगारीमा जानु नेपाली श्रमिकहरुको बाध्यता हो । वैदेशिक रोजगारीलाइ सुरक्षित, व्यवस्थित, मर्यादित र तुलनात्मक रुपमा बढी लाभदायी बनाउन एवं वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्ने उद्देश्यले वैदेशिक रोजगार ऐन तथा नियमावली २०६४ को तर्जुमा गरी कार्यान्वयन भइरहेको छ । ऐनको दफा (३८) अनुसार माननीय श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा गठन हुने बोर्डमा सम्वन्धित मन्त्रालय, रोजगार व्यावसायी संघ र ट्रेड युनियनबाट समेत प्रतिनिभित्व हुने व्यवस्था छ । ऐनको दफा (३९) मा वैदेशिक रोजगार बोर्डको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । विद्यमान ऐन तथा नियमावलीलाई कामदार मैत्री बनाउने उद्देश्यले मिति २०७६।०५।०१ गते वैदेशिक रोजगार नियमावली, २०६४ को पाँचौं संशोधन भएको छ भने वैदेशिक रोजगार बोर्डको भूमिकालाई समेत थप सशक्त बनाईएको छ । बोर्डको निर्णय कार्यान्वयन गर्न मिति २०६५ कार्तिक १८ गते बोर्ड सचिवालयको स्थापना भएपछि वैदेशिक रोजगारीमा

संलग्न कामदार तथा तिनका परिवारको हक , हित र कल्याणका लागि निरन्तर रुपमा कृयाशील रही आएको छ ।

## १.१ वैदेशिक रोजगार बोर्डको प्राथमिकता तथा कार्य क्षेत्र

(क) वैदेशिक रोजगारमा संलग्न कामदार र परिवारका सदस्यहरु लाइ आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) वैदेशिक रोजगारीको सिलसिलामा समस्यामा परी अलपत्र कामदारको उद्दार एवं शव व्यवस्थापन गर्ने।

(ग) वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई अनिवार्य पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रम तथा शुल्क निर्धारण एवं अनुगमन गर्ने ।

(घ) सीप तालिमका लागि पाठ्यक्रम तथा शुल्क निर्धारण , सीप परीक्षण एवं अनुगमनसम्बन्धी कार्य गर्ने ।

(ङ) वैदेशिक रोजगारीबाट फर्केका कामदारको क्षमता अभिवृद्धि , सामाजिक तथा आर्थिक पुनर्एकीकरण कार्यक्रमहरु संचालन गर्ने र गराउने ।

(च) वैदेशिक रोजगारीका विविध सवालहरुमा अध्ययन तथा अनुसन्धान गर्ने तथा गराउने ।

(छ) सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी विविध सचेतनामूलक श्रव्य /दृष्य एवं सूचना सामग्रीहरुको नियमित निर्माण, प्रकाशन तथा वितरण गर्ने ।

(ज) वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

(झ) गन्तव्य मुलुकहरुमा नेपाली दूतावाससँगको समन्वयनमा कामदारको सुरक्षासम्बन्धी कार्य गर्ने ।

# परिच्छेद-दुई

## २. आ.ब. २०७७ /०७८ को समीक्षा

बोर्ड सचिवालयको आ.ब. २०७७/०७८ को समग्र प्रगति अपेक्षित रुपमा उपलब्धीमूलक रहेको छ । खासगरी वैदेशिक रोजगारमा संलग्न नेपाली कामदार तथा तिनका परिवारको हित एवं कल्याणका लागि तोकिए बमोजिमका आर्थिक सहायता सम्बन्धी सेवा प्रवाह र गन्तव्य मुलुकमा कामदारको सामाजिक सुरक्षा का लागि गरिएको पहलकदमीको शुरुआतका हिसावले समेत यो वर्षको उपलबधी मूलक रह्यो । यस आ.ब. मा सम्पन्न महत्वपूर्ण गतिविधिहरु संक्षेपमा देहाय बमोजिम रहेका छन् -

## (क) कल्याणकारी कार्य

आ.ब. २०७७/०७८ को १० महिनासम्ममा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका २७ महिला र १०७२ पुरुष गरी कूल १०९९ जना नेपाली श्रमिकहरुका नजिकको हकदारलाई बोर्डबाट नियमानुसार कूल रु. ७० करोड २५ लाख ८५ हजार आर्थिक सहायता प्रदान गरिएको छ । उक्त संख्यामध्ये यस अवधिभित्र १७ जना महिला र ५६२ जना पुरुष गरी कूल ५७९ जनाको मृत्यु भएको हो । यसैगरी ११४ पुरुष तथा ५ महिला गरी कूल ११९ जना बिरामी एवं अंगभंग भएका श्रमिकलाई स्वास्थ्य उपचार खर्च/क्षतिपूर्ति वापत कूल रु. ४ करोड ४९ लाख प्रदान गरिएको छ भने वैदेशिक रोजगारमा संलग्न कामदारको परिवारका सदस्य एकजना महिलालाई स्वास्थ्य उपचार खर्च वापत नियमानुसार रु ५० हजार प्रदान गरिएको छ । वैदेशिक रोजगारीको क्रममा कोभिड-१९ संक्रमणका कारण रोजगारी मुलुकमा नै मृत्यु भएका र सोही मुलुकमा नै अन्त्येष्टिका लागि सहमति प्रदान गर्ने २३४ परिवारका सदस्यहरुमध्ये यस अवधिभित्र जम्मा ७८ परिवारलाई बोर्डको निर्णयानुसार प्रति परिवार थप रु ५० हजार सान्त्वना राहत वापत कूल रु. ३९ लाख प्रदान गरिएको छ । सम्बन्धित मुलुकमा अन्त्येष्टी गरिएका २३४ जना नेपाली कामदारमध्ये १३१ जना कोरोना संक्रमणका कारण मृत्यु भएको जानकारी समेत सम्बन्धित नियोगहरुबाट प्राप्त हुन आएको छ । यस अवधिभित्र १९ महिला र ६६० पुरुष गरी कूल ६७९ मृतक कामदारको शव निशुल्क व्यवस्थापन गरिएको छ । पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिएका ५० जना महिला कामदार लाई मात्र सचिवालयबाट नियमानुसार रकम शोधभर्ना गरिएको छ । साथै , वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका ६० जिल्लाका १९४६ जना बालबालिकाहरुलाई नियमानुसार छात्रवृत्ति सहयोग प्रदान गरिएको छ । यसका लागि कूल रु. २ करोड ५९ लाख छात्रवृत्ति रकम सम्बन्धित जिल्लास्थित शिक्षा कार्यालय मार्फत् सम्बन्धित विद्यार्थीहरुसम्म पठाई सकिएको छ ।

वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका कामदारका परिवारले पाउने आर्थिक सहायता रकम स्थानीय तहमार्फत् निवेदन लिने र नियमानुसार पाउने रकम

पीडित कामदार एवं परिवारका नजिकका हकदारको खातामा सिधै पठाउन सकिने गरी सफ्टवेयर निर्माण गर्ने कार्य सम्पन्न भएको छ भने यसै आ.ब. मा यसको सफलतापूर्वक परीक्षण समेत सम्पन्न भएको छ । कोभिड -१९ को संक्रमणका कारण निषेधाज्ञाको समयमा समेत प्राप्त निवेदनका आधारमा ७३१ मृत्युभएका कामदारको निजकको हकदारलाई र १०९ जना विरामी तथा अंगभंग भएका कामदारको बैंक खातामा नियमानुसारको रकम पठाईएको छ ।

## (ख) कोभिड -१९ का कारण अलपत्र परेका कामदारको उद्दार

मिति २०७७।४।५ मा नेपाल सरकारबाट स्वीकृत भएको **कोभिड १९ को विश्वव्यापी संक्रमणको कारण वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका नेपाली कामदारको उद्धार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७** लाइ कार्यान्वयनमा ल्याइएको छ । यसै सिलसिलामा मलेसियाबाट ८६ जना, यु.ए.इ. बाट ५३ जना, बहराईनबाट १८ जना एवं अन्यबाट ३० जना गरी कूल १८७ जना अलपत्र कामदारको उद्दारका लागि सम्बन्धित नियोगको माग बमोजिम कूल रू १ करोड ३५ लाख रकम पेश्की पठाई उद्धार गरिए को छ । उद्दारको क्रममा नेपाल फर्काइएका कामदारहरू मध्ये काठमाडौस्थित होल्डिङ सेन्टरबाट वेखर्ची भई घर जान नपाएका १८७ जना कामदारहरूलाइ यातायात खर्च वापत १ लाख ९७ हजार १ सय रूपैयाँ सहयोग गरिएको थियो । माथि उल्लेखित मुलुकहरू बाहेक अन्य विभिन्न मुलुकका ३ महिला सहित ३९ जनाको उद्दारका लागि नेपाली राजदूतावासहरुमा पत्राचार गरी अनुरोध गरिएको थियो। यस्तै गरी स्वदेश फर्किएका नेपाली कामदारहरुको तथ्यांक संकलनका लागि अन्तर्राष्ट्रय विमानस्थलको आगमन कक्षमा २४ सै घण्टा थप जनशक्ती परिचालनका लागि आवश्यक समन्वय र व्यवस्थापकीय सहयोग प्रदान गरिएको छ । विदेशस्थित नेपाली नियोगहरूबाट निर्देशिकाको कार्यान्वयनमा देखिएका व्यवहारिक समस्या समाधानका लागि मन्त्रालयबाट अवश्यक पहल भई रहेको छ ।

## (ग) सीप तालिम

विभिन्न विषयका १८ वटा सीप तालिम पाठ्यक्रमहरुलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.ई.) अन्तर्गत रहेको पाठ्यक्रम विकास समिति समेतको सहभागितामा पाठ्यक्रम परिमार्जन गरी तह १ बराबर अर्थात् न्यूनतम् १६० घण्टा कायम गरिएको छ । यसै अवधिमा शुल्क समेत पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइएको छ । आन्तरिक श्रम बजार को मागलाई ध्यानमा राखी टायल -मार्बल कटिङ्ग फिटिङ्ग, ब्युटिशियन, फर्निचर मेकर, आल्मुनियम फेव्रिकेटर, फ्रन्ट अफिस, गरी थप ५ वटा सीप तालिम विषयमा नयाँ पाठ्यक्रम तर्जुमा र शुल्क निर्धारण गर्ने कार्य सम्पन्न भएको छ भने केयरगिभरको पाठ्यक्रमलाई समेत पुनरावलोकन गरी थप व्यवहारिक वनाइएको छ । उल्लेखित विषयहरुमा सञ्चालन गरिने सीप तालिमहरु नतिजामुखी बनाउने उद्देश्यले सम्बन्धित कार्यविधिमा नै आवश्यक संशोधन गरी सीप परीक्षणलाइ अनिवार्य बनाइएको

छ । सीप तालिमलाई वैदेशिक रोजगार विभागको अनलाईन पद्धतिमा एकीकृत हुनेगरी र सीप तालिम लिएका व्यक्तिको समग्र विवरण लिने गरी Training Management Information System (TMIS) सफ्टवेयरको निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

आ.ब. २०७७/०७८ मा ७ हजार ९ सय ६० जनालाई लक्षित गरी सातैवटा प्रदेशहरुमा सि.टि.ई.भि.टि.ई. अन्तर्गतका आंगिक शिक्षालयहरु मार्फत् निशुल्क रुपमा १५ वटा विषयमा सीप तालिमहरु सञ्चालन गरिएको छ । खासगरी वैदेशिक रोजगारमा जाने तथा फर्किएका कामदारलाई समेत लक्षित गरी भोजपुर, इलाम, महोत्तरी, धनुषा, काभ्रे, काठमाडौं, दोलखा, चितवन, कास्की, पाल्पा, रुपन्देही, दाङ, बाँके, सल्यान, जुम्ला र कैलाली जिल्ला समेत सातै प्रदेश समेटने गरी कूल १६ जिल्लाहरुमा रहेका शिक्षालयहरुसँग सम्झौता गरी निशुल्क सीप तालिम सञ्चालन गरिएको र राष्ट्रिय सीप परीक्षण समितिमार्फत् सीप परीक्षण गर्ने गरी सम्झौता भई सीप तालिम कार्यान्वयनमा ल्याईएको छ । आन्तरिक र अन्तर्राष्ट्रिय श्रम बजारमा उच्च माग रहेका खासगरी निर्माण, अतिथि सत्कार/सेवासँग सम्बन्धित १८ वटा सीप विषयहरुमा निशुल्क तालिम सञ्चालन गरिएको भए तापनि नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को दोस्रो लहरका कारण निषेधाज्ञा लगायत अन्य विविध कारणले गर्दा सञ्चालन भैरहेका तालिमहरु स्थगित गर्नु परेको छ । यद्यपि निषेधाज्ञा जारी हुनु अगाडिसम्म कूल ३ हजार ३ सय जनाले निशुल्क सीप तालिम प्राप्त गरेको भएता पनि सीप परिक्षण हुन सकेको छैन । वैदेशिक रोजगारबाट फर्किएका नेपाली कामदारहरुले विदेशमा सिकेको सीप परीक्षण गरी प्रमाणपत्र लिन चाहेमा राष्ट्रिय सीप परीक्षण समितिको नियमित कार्यक्रममा सहभागी भएर परीक्षा दिन पाउने र उक्त परीक्षाको शुल्क बोर्डबाट शोधभर्ना गरिने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईए को भए तापनि कोभिड-१९ को संक्रमणका कारण सम्भव हुन सकेको छैन ।

## (घ) पूर्व प्रस्थान अभिमुखीकरण तालिम व्यवस्थापन

पूर्व प्रस्थान अभिमुखीकरण तालिमलाई समयानुकूल नतिजामुखी बनाउन यससँग सम्बन्धित कार्यविधि तथा पाठ्यक्रमलाई परिमार्जन गरिएको छ भने खाडी मुलुक, मध्यपूर्व, मलेसिया, जापान/कोरिया, ईजरायल र अन्य गरी ६ वटा क्लष्टरमा विभाजन गरी तालिम म्यानुअलहरु विकास गर्ने कार्यलाई तिव्रता दिईएको छ । समयानुकुल परिमार्जन गरिएको पूर्वप्रस्थान अभिमुखिकरण तालिम पाठ्यक्रम र यसको कार्यान्वयन विधिका सम्बन्धमा एकरुपता कायम गर्ने उद्देश्यले नेपालभर अभिमुखीकरण तालिममा सँलग्न १९७ जना प्रशिक्षकहरुलाई समूहगत चरणमा ७ दिनसम्म पुनरताजगी तालिम संचालन भएको थियो । यस लगत्तै प्रदेश १, २ र ३ मा १५० जना प्रशिक्षक उत्पादन गर्ने उद्देश्यले प्रशिक्षक प्रशिक्षण कार्यक्रमका लागि प्रशासनिक प्र शिक्षण प्रतिष्ठान, जावलाखेलसँग सहकार्य अगाडि बढाइएको भए तापनि कोभिड -१९ का कारण अगाडि बढाउन सकिएन । पुनरताजगीमा सहभागी प्रशिक्षकहरुको रोष्टर बोर्ड सचिवालयको वेभसाइटमा राख्ने र अभिमुखीकरण तालिमसँग सम्बन्धित कार्यविधि, पाठ्यक्रम, तालिम म्यानुअल, तालिममा प्रयोग गरिने श्रव्य/दृष्य सामग्रीहरु, देशगत जानकारी पुस्तिका,

भाषासम्बन्धी एप लगायत सम्पूर्ण तालिम सामग्रीहरु रोष्टरमा रहेका प्रशिक्षकहरु को सहज पहुँचका लागि सिधै बोर्डको वेवसाईटबाट डाउनलोड गरी प्रयोग गर्न मिल्ने गरी व्यवस्था मिलाईएको छ ।

पूर्व प्रस्थान अभिमुखीकरण तालिम संस्थाहरुको नियमित अनुगमन गर्ने उद्देश्यले सवै संस्थाहरुको कक्षा कोठामा सिसि क्यामेराको जडान गर्ने कानुनी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने र सचिवालय अन्तर्गतको श्रम कल सेन्टरमार्फत अनलाईन अनुगमन प्रणालीबाट नियमित अनुगमन गर्ने गरी आवश्यक सेवा खरिद प्रकृया अगाडि बढाईएको भए तापनि कोभिड -१९ को संक्रमण तथा निषेधाज्ञाका कारण यो प्रकृया स्थगित गरिएको छ ।

## (ङ) नेपाली कामदारको उद्दार, हकहित एवंम् सुरक्षाको प्रवर्द्धन

- मलेसिया सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत श्रम स्वीकृति लिई मलेसियाको सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध भएका नेपाली श्रमिकहरुलाई नियमानुसारको राहत सुविधा बोर्ड सचिवालयमार्फत् प्रदान गर्ने कार्यका लागि मलेसिया सरकार, मानव संशाधन मन्त्रालय अन्तर्गत Social Security Organization (SOCSO) र बोर्ड सचिवालयबीच समझदारी पत्र (Memorandum of Cooperation-MOC) मा मिति २०७७/१२/१८ मा हस्ताक्षर सम्पन्न भएको छ । मिति २०७८/०१/०९ गते SOCSO र बोर्ड सचिवालयबीच समझदारीपत्र कार्यान्वयनका लागि प्रकृयागत सरलीकरण प्रयोजन प्राविधिक टोलीको बैठक समेत सम्पन्न भएको छ ।
- वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुको कल्याणका लागि विदेशस्थित नियोगहरुमा संचालित सुरक्षित गृहको स्तरोन्नतिका लागि आर्थिक सहायता उपलब्ध गराइएको छ । आ.ब. २०७७ /०७८ मा यस प्रयोजन का लागि ओमन र कुवेत स्थित नेपाली राजदूतावासहरुमा रु ६ लाख ५३ हजार पेश्की पठाईएको छ ।
- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा कार्यरत नेपाली श्रमिकलाई विभिन्न फौजदारी अभियोगमा जेल सजाय भएको अवस्थामा निजको कानुनी प्रतिरक्षाका लागि यससम्बन्धी निर्देशिका बमोजिम सम्बन्धित दूतावासको माग र परराष्ट्र मन्त्रालयको सिफारिसमा बोर्डको निर्णयानुसार कानुनी प्रतिरक्षाका लागि रकम पठाउने गरिएकोमा आ.ब. २०७७/०७८ मा नेपाली राजदुतावास, युएईमा रु. १० लाख २९ हजार पेश्की पठाईएको छ ।
- कोभिड—१९ का कारण रोजगार गुमाई वा अन्य कारणले अलपत्र परेका नेपाली कामदारहरुलाई उद्दार गरी नेपाल फर्काउने कार्यमा विदेशस्थित नेपाली नियोगहरुमा थप जनशक्ति आवश्यक भएको सन्दर्भमा माग भै आए बमोजिम मलेसिया, साउदी अरवको रियाद तथा जेद्दा, कतार, संयुक्त अरव इमिरेट्स र ओमानमा रहेका नेपाली नियोगहरुमा जनसम्पर्क सहायक कर्मचारीहरुको मासिक पारिश्रमिकका लागि

आवश्यक पर्ने बजेट रकम परराष्ट्र मन्त्रालयमार्फत् रू १ करोड पेश्की उपलब्ध गराइएको छ ।

- वैदेशिक रोजगारीको क्रममा विविध कारणले अलपत्र परेका २१६ जना कामदारलाई स्वदेश फिर्ता गर्न सहजीकरण गरिएको छ भने १८७ जना अलपत्र नेपाली कामदारको शव नेपाल झिकाइ सम्बन्धित परिवारमा बुझाइएको छ ।

## (च) नीति नियमहरुको पुनरावलोक न/परिमार्जन

- मिति २०७७ चैत्र ४ गते को बोर्ड बैठकको निर्णयानुसार सम्वन्धित सरोकारवालहरूको सहभागितामा वै देशिक रोजगार नीति, २०६८, वैदेशिक रोजगार बोर्डको कार्य सञ्चालन निर्देशिकाको मस्यौदा तयारी तथा वैदेशिक रोजगारमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्वन्धी निर्देशिका २०७५ लाई समयानुकुल परिमार्जन गर्ने कार्यका लागि छुट्टाछुट्टै समिति गठन भइ पुनरावलोकनको कार्य भइरहेको छ।
- मिति २०७७ मंसिर ९ र १० गते सम्पन्न बोर्ड बैठकका निर्णयानुसार सचिवालयबाट तयार पारिएको Foreign Employment Welfare Information Management System (FEWIMS) कार्यान्वयन गर्न वैदेशिक रोजगार कल्याणकारी सूचना प्रणाली (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को मस्यौदा तथा वैदेशिक रोजगार बोर्डको पुनर्एकीकरण कार्यक्रम (संचालन तथा ब्यबस्थापन ) कार्यविधि, २०७७ लाई आवश्यक संशोधन सहित स्वीकृति का लागि श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गरेको छ भने पूर्व प्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रम, २०७६ (पहिलो संशोधन) स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

## (छ) सूचना प्रवाह

- स्वीस सरकारसँगको द्विपक्षीय सम्झौता अन्तर्गत आ.ब. २०७७/०७८ मा बोर्ड सचिवालयमा राष्ट्रिय आप्रवासन स्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । स्रोत केन्द्रको सञ्चालनका लागि एक जना राष्ट्रिय आप्रवासन स्रोत केन्द्र अधिकृत र प्रदेश स्तरमा समन्वय र सहजिकरणका लागि ४ जना कार्यक्रम अधिकृतहरु सेवा करारमा लिइएको छ ।
- कल सेन्टरको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउने उद्देश्यले बोर्ड को निर्णयानुसार मन्त्रालयमा रहेको श्रम कल सेन्टरलाई बोर्ड सचिवालयमा स्थानान्तरण गरिएको छ । कल सेन्टरद्वारा नियमित रुपमा प्रवाह भै आएको सूचना तथा परामर्श सेवा र गुनासो सुनुवाई गर्ने कार्यका अतिरिक्त बोर्डबाट सञ्चालन हुने निशुल्क सीप तालिम, पुनर्एकीकरण कार्यक्र म र पूर्व प्रस्थान अभिमुखीकरण तालिम संस्थाको अनलाईन अनुगमन जस्ता महत्वपूर्ण कार्य समेत गर्ने गरी कल सेन्टरलाई परिचालन गरिएको छ ।

- वैदेशिक रोजगारीमा जाने कामदारहरूलाइ सहजीकरण गर्ने उद्देश्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सहायता कक्ष सञ्चालनमा ल्याइएको छ । सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालसँगको सहकार्यमा उक्त सहायता कक्षमा २ जना जनशक्ति नियमित रूपमा परिचालन गरिएको छ । यस कक्षले विदेशबाट ल्याइएका नेपाली कामदारहरूको शव व्यवस्थापनमा समेत सहयोग गर्दै आएको छ ।
- नेपाल टेलिभिजन र रेडियो नेपाल मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक सन्देश सामग्री साप्ताहिक रुपमा उत्पादन र प्रशारणका गरिदै आएको छ । नेपाल टेलिभिजनले केन्द्रबाट हुने नियमित साप्ताहिक प्रशारणका अतिरिक्त ईटहरी प्रशारण केन्द्रबाट समेत साप्ताहिक कार्यक्रम निशुल्क रुपमा प्रशारण गरिरहेको छ भने रेडियो नेपालले केन्द्रीय प्रशारण नेपाली भाषामा र बर्दिवास क्षेत्रीय प्रशारण केन्द्रबाट मैथली भाषामा कार्यक्रम प्रशारण भैरहेको छ ।
- विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत् विद्यार्थीहरुका लागि इन्टर्नशीप सहायता अन्तर्गत ६ जना ईन्टर्नहरु छनौट गरी परिचालन गरिएको छ । यी जनशक्तीलाइ वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा तथ्यांक संकलन , सूचना प्रवाह , आर्थिक सहायता वितरणमा सहयोग लगायतका कार्यहरूका लागि परिचालन गरिएको छ ।
- कोभिड-१९ लाइ लक्षित गरी सचेतनामूलक सूचना तथा श्रव्य -दृष्य सामग्रीहरु, पूर्व प्रस्थान अभिमुखीकरण तालिम र सीप तालिमका लागि उत्प्रेरणा जगाउने गीति सन्देशहरु, श्रव्य-दृष्य सामग्रीहरु, देशगत जानकारीमूलक अध्ययन सामग्रीहरु , घरेलु कामदारलाई उपयोगी हुने सामग्रीहरु, फर्किएका कामदारको पुनर्स्थापनासँग सम्बन्धित सचेतनामूलक सामाग्रीहरु लगायत नियमित वार्षिक प्रगति विवरण तथा देशगत गोजी पुस्तिका आदिको निर्माण /उत्पादन तथा प्रसारण /वितरण गरिएको छ । वैदेशिक रोजगारीमा संलग्न कामदार तथा तिनका परिवारका लागि आवश्यक यी जानकारीमूलक सूचना तथा सन्देशहरु स्थानीय तहमा रहेका विभिन्न सञ्चार माध्यमहरु, आप्रवासन स्रोत केन्द्रहरु, श्रम कल सेन्टर, राष्ट्रिय आप्रवासन स्रोत केन्द्र र वोर्ड सचिवालयको आधिकारिक वेवसाईट /सामाजिक सञ्जालमार्फत् समेत नियमित रुपमा प्रचार प्रसार हुँदै आएको छ ।

## २.१ कार्यान्वयन हुन नसकेका कार्यक्रमहरु तथा कारण

वैदेशिक रोजगारीको सिलसिलामा कोभिड -१९ लगायतका कारण समस्यामा परी फर्किएका नेपाली कामदारहरुलाई सामाजिक एवं आर्थिक पुनर्एकीकरणका गर्ने उद्देश्यले सचिवालयबाट तयार पारिएको पुनर्एकीकरण कार्यविधि (सञ्चालन तथा व्यवस्थापन ), २०७७ मिति २०७७।९।१० गतेको बोर्डको बैठक बाट निर्णय भई सिफारिस सहित स्वीकृतिका लागि मन्त्रालयमा पेश भएकोमा हालसम्म स्वीकृत हुन नसक्दा यस कार्यक्रम अन्तर्गत चालू आ.ब. मा वैदेशिक रोजगारबाट समस्यामा परी फर्किएका १० हजार जना कामदारलाई लक्षित गरी स्वरोजगार बनाउने उद्देश्य मुताविकका निर्धारित कार्यक्रमहरू - स्थानीय तहसँगको सहकार्यमा उद्यमशीलता विकास , सीप तालिम, निशुल्क सीप परीक्षण,

वित्तीय साक्षरता , सहुलियतपूर्ण कर्जाका लागि सहजीकरण , मनोसामाजिक परामर्श लगायतका कार्यक्रमहरु सञ्चालनमा ल्याउन सकिएन ।

## २.२ उपलब्धी (भौतिक तथा वित्तीय)

आ.ब. २०७७/७८ को जेष्ठ मसान्त सम्ममा भौतिक प्रगति नेपाल सरकार स्रोत तर्फ ६७% र कोषको स्रोत तर्फ ७८% रहेको छ । वित्तीय प्रगतिको हकमा नेपाल सरकार स्रोततर्फ ६२% र कोषको स्रोत तर्फ ७१% रहेको छ भने बेरुजू फछ्यौंट ५३.६% रहेको छ । वित्तीय सुधारतर्फ विभिन्न बाणिज्य बैंकहरुमा ब्याज नआउने गरी कल तथा चल्ती खातामा रहने रकम ब्याज आउने गरी नियमित रुपमा विभिन्न बाणिज्य बैंकहरुमा पुनः लगानी गरिएको छ ।

## २.३ प्रमुख समस्या तथा चुनौतिहरु

**क. कानुनी तथा नीतिगत**

- कार्यविधि तथा निर्देशिका समयमै स्वीकृत हुन नसक्दा कार्यक्रम कार्यान्वयनमा ढिलाई हुने गरेको ।
- कानुनको अभावका कारण कोमाको विरामीलाई नेपाल ल्याई उपचार गर्न र कानुनी प्रतिरक्षामा समस्या देखिएको ।
- बोर्ड बैठकबाट स्वीकृत बार्षिक बजेट कार्यान्वयन गर्ने सम्बन्धमा बोर्ड सचिवालयलाई आर्थिक कार्यका लागि अख्तियारी नहुँदा पटक पटक बोर्ड बैठकबाट नै निर्णय गराउनु पर्दा सेवा प्रवाहमा समस्या देखिएको ।

**ख. अन्तरनिकाय समन्वय**

- विदेशस्थित सम्बन्धित नियोगसँग समन्वयमा समस्या रहेको छ । खासगरी केही मुलुकमा दूतावास तथा श्रम सहचारीको व्यवस्था नहुदा कामदारको उद्दार तथा मृतक कामदारको शव समयमा नेपाल ल्याउन समस्या देखिएको छ ।
- बेरुजू फछ्यौंट लगायत कामदारको उद्दार कार्यमा विभिन्न दूतावाससँगको समन्वयमा समस्या ।

**ग. जनशक्ति व्यवस्थापन**

- बोर्डको जिम्मेवारी विस्तार हुँदै गएको तर सचिवालयमा जनशक्तिको संख्या सीमित रहनु ।

**घ. स्रोत साधन**

- सचिवालयको आफ्नै भवन नहुनु ।
- सीप तालिम र अभिमुखिकरण तालिम लगायतका कार्यक्रमको अनुगमनका लागि सवारी साधनको अभाव हुनु ।

# परिच्छेद-तीन

## ३. नेपाल सरकारको नीति र प्राथमिकता

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको छनौट गर्न पाउने संवैधानिक हक प्राप्त छ । वैदेशिक रोजगारलाई सुरक्षित , मर्यादित, व्यवस्थित र शोषणमुक्त बनाउन यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी , सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ । यो व्यवस्थाको मर्मलाई आत्मसात् गर्दै बाध्या त्मक वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने, न्यूनतम् सीपयुक्त जनशक्तिलाई पूर्णरुपमा सुसूचित एवं सचेत बनाएर मात्रै वैदेशिक रोजगारीमा पठाउने र प्राप्त हुने सीपयुक्त जनशक्ति तथा विप्रेषणलाई राष्ट्र निर्माणमा उपयोग गर्ने नीति राज्यले लिएको छ ।

वैदेशिक रोजगारीका चक्रलाई सुरक्षित , मर्यादित, शोषणमुक्त र अधिकतम प्रतिफलदायक बनाउने सन्दर्भमा चालु पञ्च बर्षिय योजनाले व्यवस्था गरेका कार्यनीतिहरुलाई सम्बोधन हुने गरी बोर्ड सचिवालयको बार्षिक नीति, कार्यक्रम तथा बजेट परिलक्षित हुदै आएको छ ।

आ.ब. ०७८/७९ को बजेट वक्तव्य बुँदा नम्बर ७० मा सवै नागरिकलाई मर्यादित रोजगारी सुनिश्चित गर्न सरकारी , निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यमा काम र रोजगारीका अवसर सिर्जना गरिनेछ भन्ने उल्लेख गरिएको छ भने बुँदा नम्बर ७२ मा श्रम बजारमा प्रवेश गर्ने युवा , वैदेशिक रोजगारीबाट फर्किएका तथा स्वदेशमा रोजगार गुमाएका श्रमिकको सीप विकास गरी क्षमता अभिबृद्धि गर्न हस्तकला , प्लम्बिङ्ग, विजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगढ, सिकर्मी, डकर्मी, सिलाई कटाई, ब्युटिसियन, कपाल कटाई, सवारी साधन तथा मोवाइल मर्मत लगायतका व्यवसायमा थप १ लाख ब्यक्तिलाई सीप तालिम प्रदान गर्न रु . ४० करोड बिनियोजन गरिएको उल्लेख छ । नेपाल सरकारले अवलम्बन गर्ने वैदेशिक रोजगार सम्बन्धी नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्राथमिकताको पुरक अंगको रुपमा बोर्डको बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरिएको छ ।

अर्कोतर्फ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (थ) बेरोजगारको तथ्यांक संकलन अन्तर्गत बुँदा नम्बर (४) मा सुरक्षित बैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन , (५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन , (६) वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन , (७) वै देशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण र (८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान , सीप र उद्यमशीलताको उपयोग गर्ने कार्यनीति उल्लेख भएका छन् ।

वैदेशिक रोजगारीलाइ सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा नेपाल सरकारले Global Forum For Migration and Development (GFMD), Global Compact on Safe, Orderly and Regular Migration (GCM), दीगो विकास लक्ष्य, २०३० (S.D.G.) जस्ता अन्तर्राष्ट्रिय फोरमहरू र अबुधाबी डायलग, कोलोम्बो प्रोसेस, दक्षिण एसियाली सहयोग संगठन (सार्क) जस्ता क्षेत्रिय फोरमहरूमा व्यक्त गरेका प्रतिबद्धताहरूलाइ समेत मनन गरी बोर्डको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

नेपालको संविधान, पन्ध्रौं योजना, आ.व. २०७८/७९ को बजेट वक्तव्य, स्थानीय सरकार संचालन ऐन, २०७४ र वैदेशिक रोजगार ऐन , २०६४ तथा नियमावली , २०६४ ले निर्दिष्ट गरेका काम कर्तव्य एवं भूमिका , विभिन्न समयमा गठित कार्यदलहरुका महत्वपूर्ण सुझावहरु समेतका आधारमा तथा औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जान चाहने, गएका र वैदेशिक रोजगारीबाट फर्केका नेपाली कामदार एवं तिनका परिवारको हितलाई केन्द्रविन्दुमा राखी आ. व. ०७८।७९ को लागि वैदेशिक रोजगार बोर्डको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

## ३.१ आ.ब. २०७८।७९ को लागि बोर्डको वार्षिक नीति, कार्यक्रम र बजेट

### ३.१.१ उद्देश्य

(क) बोर्डबाट प्रदान गरिने नियमित कल्याणकारी सेवालाई क्रमशः स्थानीय तहसम्म विस्तार गरी अनलाइन प्रणाली मार्फत् प्रवाह गर्ने ।

(ख) कोभिड–१९ लगायत अन्य कारणले विदेशमा अलपत्र परेका कामदारहरूको उद्धार, राहत र पुनरस्थापना गर्ने ।

(ग) सीप र पू र्वप्रस्थान अभिमुखीकरण तालिमलाई नतिजामूलक बनाउने ।

(घ) वैदेशिक रोजगारीसँग सम्बन्धि विविध सवालमा अध्ययन अनुसन्धान गर्ने ।

(ङ) सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको प्रवर्द्धन गर्ने ।

### ३.१.२ नीति

(क) बैदेशिक रोजगार बोर्डका सेवाहरू स्थानीय तहमा अनलाइन प्रणालीबाट प्रवाह गर्न Foreign Employment Welfare Information Management System (FEWIMS) र यससँग सम्बन्धित कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।

(ख) कोभिड–१९ लगायत अन्य कारणले विदेशमा अलपत्र परेका कामदारहरूको उद्धार तथा राहत प्रदान गरिनेछ । वैदेशिक रोजगारीमा सँलग्न कामदारलाइ सम्बन्धित देशको कानुन बमोजिम सामाजिक सुरक्षाको दायरामा ल्याउन पहल गरिनेछ।

(ग) वैदेशिक रोजगारीको क्रममा समस्याबाट पीडित भई फर्किएका कामदारलाई स्थानीय तह, दातृ निकाय एवं विकास साझेदार, निजी क्षेत्र लगायतका सरोकारवालासँगको सहकार्यमा पुर्नएकिकरण गरिनेछ ।

(घ) बोर्डको समग्र व्यवस्थापनमा नमूना परीक्षणको रूपमा काठमाडौमा निशुल्क पू र्वप्रस्थान अभिमुखिकरण तालिम संचालन गरिने र अभिमुखीकरण तालिमको प्रभावकारिताका लागि अनलाइन अनुगमन प्रणाली सञ्चालनमा ल्याइनेछ ।

(ङ) वैदेशिक रोजगारीमा जाने र फर्केका कामदारलाई सीपयुक्त र दक्ष बनाउन सरकारी र निजी क्षेत्रका तालिम प्रदायक संस्थाहरूसँगको सहकार्यमा निशुल्क सीप तालिम सञ्चालन कार्यलाइ निरन्तरता दिईनेछ ।

(च) विश्वविद्यालय, प्राज्ञिक संस्था वा दातृ निकायसँगको सहकार्यमा वैदेशिक रोजगारीसँग सम्बन्धित विविध सवालहरूमा अध्ययन अनुसन्धान गरिने र कोभिड -१९का कारण अघिल्लो आ.ब. मा सम्पन्न हुन नसकेका विभिन्न अध्ययन कार्यदल तथा समितिका कार्यहरूलाइ निरन्तरता दिई सम्पन्न गरिनेछ ।

(छ) राष्ट्रिय आप्रवासन स्रोत केन्द्र, श्रम कल सेन्टर, तथा सञ्चार माध्यम र सामाजिक सञ्जालको परिचालन गरी सुरक्षित, मर्यादित तथा लाभदायी वैदेशिक रोजगारीबारे सचेतनामूलक सूचना तथा सन्देशहरू प्रवाह गरिनेछ ।

(ज) वैदेशिक रोजगार व्यवसायी संघ, गैर आवासीय नेपाली संघ, सम्बद्ध सचारकर्मी लगायत अन्य सरोकारवालाहरुसँगको समन्वय र सहकार्यलाई थप सुदृढ गरिने तथा संस्थागत क्षमता अभिवृद्धीसम्बन्धी कार्य कार्यान्वयमा ल्याईनेछ ।

## आ.व. ०७८/७९ को अनुमानित आय र व्ययको संक्षिप्त विवरण

| | | |
|---|---|---|
| क) | **कूल अनुमानित आय** | **रू. ६ अर्ब २६ करोड ३६ हजार** |
| ख) | **आ.व. ०७८/७९ को अनुमानित खर्च** | **रू. १ अर्ब ५४ करोड ९३ लाख ५० हजार** |
| ग) | **आगामी वर्षका लागि कोषमा वचत रहने अनुमानित रकम रु.** | **रू. ४ अर्ब ७१ करोड ६ लाख ८६ हजार** |

## ३.३ आ.ब. ०७८/७९ का लागि प्रस्तावित कार्यक्रम

### (अ) कार्यक्रमगत खर्च विवरण

**(क) अनलाइन प्रणालीबाट प्रवाह गरिने आर्थिक सहायता**

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| १ | मृतक कामदारका परिवारलाई आर्थिक सहायता |
| २ | मृतक कामदारका परिवारलाई रु ५० हजार सान्त्वना राहत सहायता |
| ३ | अंगभंग वा गम्भीर बिरामी भएका कामदारलाई तथा अशक्तता निर्धारण गरी दिइने आर्थिक सहायता |
| ४ | नियम ४६ वमोजिमको विषेशज्ञ समितिको व्यवस्थापन खर्च |
| ५ | वैदेशिक रोजगार (पाँचौ संशोधन नियमावली), २०७५ को नियम (२८) को उपनियम (६) बमोजिम प्रदान गरिने आर्थिक सहायता |

| | |
|---|---|
| ६ | कामदारका परिवारलाई वितरण गरिने स्वास्थ्योपचार सहयोग |
| ७ | विद्यालयस्तरमा छात्रवृत्ति सञ्चालन |
| ८ | कामदारको शव निजको घर ठेगानासम्म पुर्याउने |
| ९ | वैदेशिक रोजगारीमा जान छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिँदा तिरेको रकम शोधभर्ना |
| १० | अनलाइन प्रणाली संचालनबारे अभिमुखिकरण |

**(ख) अलपत्र कामदारहरूको उद्धार तथा राहत र सामाजिक सुरक्षाको पहल**

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| ११ | नेपाली कामदारको कानूनी प्रतिरक्षा सम्बन्धी |
| १२ | सुरक्षित गृहको सञ्चालनमा सहयोग |
| १३ | अलपत्र कामदारको शव नेपाल ल्याउने खर्च |
| १४ | वैदेशिक रोजगारीको सिलसिलामा कोभिड -१९ लगायत अन्य कारण अलपत्रमा कामदारको उद्धार खर्च (गम्भिर प्रकृतिको विरामी , हवाइ टिकट, क्वारेन्टाइन , स्थानिय यातायात एवं पि.सि.आर. खर्च समेत) |
| १५ | त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा सूचना तथा परामर्श कक्ष व्यवस्थापन |
| १६ | नेपाली दूतावासहरुमा जनसम्पर्क सहायक कर्मचारी व्यवस्थापन खर्च |
| १७ | कामदारको स्वास्थ्य लगायत सामाजिक सुरक्षाका विषयमा गन्तव्य मुलुकमा भएका असल अभ्यासहरुको अध्ययन भ्रमण तथा अनुभव आदान प्रदान र समझदारीपत्रमा हस्ताक्षर खर्च |
| १८ | काउन्सेलर/श्रमसहचारीलाई तालिम |

**(ग) पुर्नएकिकरण कार्यक्रम**

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| १९ | मनोसामाजिक परामर्श सेवा सहितको सुरक्षित गृह सञ्चालन |
| २० | वैदेशिक रोजगारबाट समस्यामा परी फर्किएका कामदारहरुलाई उद्यमशिलता तालिम सञ्चालन |
| २१ | वित्तीय साक्षरता तालिम |
| २२ | सहुलियतपूर्ण कर्जा वा वस्तुगत सहायताका लागि सहजीकरण |
| २३ | स्थानीय तहसँग सम्पर्क, समन्वय वैठक तथा साझेदारी पूर्व तयारी |

(घ) पू  र्वप्रस्थान अभिमुखिकरण तालिम/अनलाइन अनुगमन

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| २४ | अनलाइन अनुगमन स्थापना र संचालन खर्च |
| २५ | देशगत गोजी पुस्तीका छपाई तथा वितरण |
| २६ | देशगत श्रव्य दृष्य तालिम सामग्री विकास तथा वितरण |
| २७ | प्रदेश स्तरमा प्रशिक्षक प्रशिक्षण |
| २८ | पूर्वधार निरीक्षण तथा अनुगमन खर्च |
| २९ | अभिमुखीकरण तालिम प्रशिक्षक खर्च, हल भाडा र तालिम सामग्री |
| ३० | अभिमुखीकरण तालिम प्रदायक संस्थाहरुलाई अनुशिक्षण/अन्तरक्रिया/समीक्षा(कम्तिमा ३ प्रदेश) |

(ङ) निशुल्क सीप तालिम सञ्चालन

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| ३१ | निशुल्क सीप विकास तालिम ( ५ हजार जना र अघिल्लो आ.ब. को ५ हजार क्रमागत,पुनर्एकीकरण कार्यक्रमका लागि समेत) |
| ३२ | सीप परीक्षण शुल्क (१० हजार जना) |
| ३३ | सीप तालिम प्रदायक संस्थाको पूर्वाधार निरीक्षण/अनुगमन |
| ३४ | सीप तालिम प्रदायक संस्थाहरुलाई अनुशिक्षण/अन्तरक्रिया/समीक्षा |

(च) अध्ययन अनुसन्धान

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| ३५ | विश्वविद्यालयमा एम.फिल. तहमा अध्ययनरत् विद्यार्थीहरूमध्ये छनौटमा परेका ३ जनालाइ वैदेशिक रोजगारी विषयमा शोधकार्यका लागि आर्थिक सहयोग |
| ३६ | वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सीप दक्षता र वैदेशिक रोजगारीको क्रममा कामदारको मृत्युका कारण विषयमा अनुसन्धान |
| ३७ | अघिल्लो आ.ब. मा विविध प्रयोजन गठित एवं क्रियाशिल कार्यदल एवं समितिबाट कोभिडका कारण पूर्ण हुन नसकेका कामहरूको निरन्तरताका लागि खर्च (कानुनी प्रतिरक्षा, वैदेशिक रोजगार नीति पुनरावलोकन, बोर्ड सचिवालयको कार्य सञ्चालन निर्देशिका तर्जुमा) तथा चालू आ.ब. मा गठन हुने कार्यदलको व्यवस्थापन खर्च र विज्ञ परिचालन खर्च समेत। |
| ३८ | विश्वविद्यालयमा स्नात्तक तहमा अध्ययनरत विद्यार्थीहरूलाइ इन्टर्नशिप अध्ययन सहयोग |

(छ) सूचना तथा परामर्श

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| ३९ | राष्ट्रिय आप्रवासन स्रोत केन्द्र कार्यक्रम खर्च |
| ४० | श्रम कल सेन्टर व्यवस्थापन तथा संचालन |
| ४१ | सुरक्षित वैदेशिक रोजगारसम्बन्धी साप्ताहिक टेलिभिजन कार्यक्रम उत्पादन र प्रशारण |
| ४२ | वैदेशिक रोजगारसम्वन्धी साप्ताहिक रेडियो कार्यक्रम |
| ४३ | वैदेशिक रोजगारसम्बन्धी सन्देशमूलक श्रव्य/दृष्य सामग्री उत्पादन र प्रशारण |
| ४४ | वैदेशिक रोजगार सम्बन्धी ब्रोसियर/फ्याक्टसिट/प्रतिवेदन लगायत ऐन कानुन आदि सामग्रीको छपाई तथा वितरण |
| ४५ | आप्रवासी कामदार दिवस |
| ४६ | बोर्ड सचिवालयको डिजिटल नागरिक वडापत्र र होडिङ्गबोर्ड निर्माण ३ वटा |

(ज) सरोकारवालाहरुसँगको सहकार्य र संस्थागत क्षमता अभिवृद्धी

| क्र.सं. | प्रस्तावित कार्यक्रम |
|---|---|
| ४७ | वैदेशिक रोजगार व्यवसायीहरुको हित, कल्याण र संस्थागत क्षमता अभिवृद्धी खर्च |
| ४८ | कामदारको सुरक्षा, उद्दार र पुनर्स्थापनाका लागि गैरआवासीय नेपाली संघ, नेपाल उद्योग बाणिज्य संघ लगायत वित्तीय संस्थासँग छलफल/सहकार्यका लागि बैठक लगायतका खर्चहरु |
| ४९ | वैदेशिक रोजगारसँग सम्बन्धित संचारकर्मीहरुको क्षमता अभिवृद्धी |
| ५० | सचिवालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि |
| ५१ | वैदेशिक रोजगार कार्यालयको सेवा प्रवाह सुदृढीकरण सहयोग |

## आ.ब. २०७८-०७९ को लागि कोष तर्फ प्रस्तावित बजेटको संक्षिप्त विवरण

| | | |
|---|---|---|
| अ | कार्यक्रमगत खर्च (क देखि ज सम्म) | १ अर्ब रु. ४९ करोड ९४ लाख ५० हजार |
| आ | व्यवस्थापकीय र कार्यालय सञ्चालन खर्च | १ करोड ८८ लाख |
| इ | पुँजीगत खर्च | ३० लाख |
| १ | **कोषको स्रोत तर्फ प्रस्तावित वजेट रू** | **१ अर्ब ५२ करोड १२ लाख ५० हजार** |
| २ | **नेपाल सरकार स्रोत रू** | **१ करोड ९४ लाख** |
| ३ | **वैदेशिक अनुदान (स्वीस एस.डी.सी.) रू** | **८७ लाख** |
| **आ.ब. २०७८-०७९ को प्रस्तावित कुल बजेट रू.** | | **१ अर्ब ५४ करोड ९३ लाख ५० हजार** |